गुल्मीदरबार गाउँपालिका
Gulmidarbar Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

च.नं./Ref.No.: सूचना नं. ७

प.सं./Let.No.:

सोतिवाङ, गुल्मी
Sotiwang, Gulmi

प्रदेश नं. ५, नेपाल

मिति २०७७।०६।०१

## खेतीयोग्य बाँझो जग्गा तथा अन्य बाँझो जग्गाको लगत संकलन सम्बन्धी सूचना

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को कारण देश विदेशबाट यस गुल्मीदरबार गाउँपालिकामा फर्कनु भएका र कृषि तथा पशुपालन मार्फत आय आर्जन र आत्म निर्भर बन्न खोज्नु भएका नागरिकहरुलाई लक्षित गरि पालिकाभित्र रहेको बाँझो जमिनलाई उपयोगमा ल्याउन गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम तथा बजेट मार्फत पालिकामा भूमि बैंकको व्यवस्था गरिएको र सो को कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको मिति २०७७।०४।२५ गतेको कार्यपालिकाको बैठकबाट जारी भएको भूमि बैंक सम्बन्धी कार्यविधि २०७७ को दफा ३ (२) बमोजिम गुल्मीदरबार गाउँपालिकामा रहेका खेतीयोग्य बाँझो जग्गा तथा अन्य बाँझो जग्गा आफूले उपभोगको नगरी खाली राखेका जग्गाधनीले अनिवार्य रुपमा यसै साथ संलग्न निवेदनको ढाँचामा सम्बन्धित वडा कार्यालय तथा यस गाउँपालिकाको कार्यालयमा मिति २०७७ आश्विन मसान्त भित्र निवेदन दर्ता गर्नुहुन अनुरोध छ । निवेदन प्राप्त हुन आएका जग्गाहरुको विवरण पालिकाको भूमि बैंकमा दर्ता गरी सो वापत पालिकाले निर्णय गरे बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ । तोकिएको समयमा निवेदन दर्ता नगरि जग्गा बाँझो राखेको पाईएमा गाउँपालिकाबाट दिने सेवा सुविधा बन्चित गरी तोकिएको जरिवाना रकम असुल उपर गरिने बेहोरा समेत जानकारी गराईन्छ ।

२०७७।०६।०१

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

web : www.gulmidarbarmun.gov.np E-mail : info@gulmidarbarmun.gov.np ito.gulmidarbarmun@gmail.com
Contact : 9857074410 (अध्यक्ष), 9857067912 (प्र.प्र.अधिकृत)

अनुसूची १

दफा ३(२) संग सम्बन्धित

(बाँझो जग्गा भूमि बैंकमा दर्ताको लागि दिने निवेदनको ढाँचा)

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गौडाकोट, गुल्मी ५ नं. प्रदेश, नेपाल

जग्गाधनीको नाम थर :.......................................................................................................

ठेगाना : गुल्मीदरबार गाउँपालिका वडा नं ......., टोल .................. सम्पर्क नम्बर : ............................

कित्ता नं. .............. क्षेत्रफल ................................. जग्गाको किसिम .................................

जग्गा रहेको स्थानको ठेगाना : गुल्मीदरबार गाउँपालिका वडा नं......, टोल/स्थान ....................................

१. जग्गाको विवरण

क. जमिनको बनोट (सम्मो, भिरालो, ढुङ्ग्यान भएको, झाडी भएको, ठुलठुला रुख बिरुवा भएको, जंगलमा भएको)

ख. सिंचाईको व्यवस्था भए/नभएको :

ग. नजिकै पानीको श्रोत भए/नभएको :

घ. पानीको श्रोत भए कति मिटर टाढा रहेको छ :

ङ. माटो कस्तो प्रकारको छ (रातो,बलौटे, ढुङ्गागिटी मिक्स भएको, कालो) :

च. भिरालो / सम्मो बारी/खेत छ भने कति वटा छ संख्या उल्लेख गर्ने :

छ. खेतका गराहरु छन भने कति वटा छन् :

ज. पारीलो तथा ओसीलो कस्तो प्रकारको छ उल्लेख गर्ने :

२. भाडामा दिन चाहेको अवधी (कम्तिमा ३ वर्ष) :

३. जग्गा सम्बन्धी अन्य कुराहरु भए खुलाउने :

४. आफ्नो मुख्य व्यवसाय :

४. घरपरिवार संख्या : बैदेशिक रोजगारमा गएको संख्या :

५. नेपालमा रोजगारी प्राप्त गरेको संख्या : बेरोजगार संख्या :

६. बाँझो जग्गा आफैले प्रयोग गर्न नसक्नुको कारण : ..........................................................................

...........................................................................................................................................

संलग्न गर्नुपर्ने कागजात

क. जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

ग. जग्गाको नक्सा

निवेदकको हस्ताक्षर

मिति : २०७७।०६।......